# आकाशवाणी समाचार- नेपाली

मितिः ०५ जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

- प्रधानमन्त्री नरेन्द्र मोदी त्रिनिदाद र टोबैगोको दुई दिने सफल भ्रमण पछि अर्जेन्टिनाको राजधानी ब्यूनस आयर्स प्रस्थान गर्नुभएको छ। हिजो साँझ प्रस्थान गर्नुअघि, प्रधानमन्त्री मोदीले पोर्ट अफ स्पेनमा त्रिनिदाद र टोबैगोको संसदको संयुक्त सत्रलाई ऐतिहासिक सम्बोधन गर्नुभयो|

- अमेरिकाको टेक्सासमा आएको बाढीमा १३ जनाको मृत्यु भएको छ। केर काउन्टीको क्याम्प मिस्टिकमा अझै पनि २० जना बालबालिकासहित धेरै जना बेपत्ता छन्।

- महिला क्रिकेटमा, हिजो राति लन्डनको ओभलमा भएको पाँच खेलको टी-२० शृङ्खलाको तेस्रो खेलमा आयोजक इङ्ल्यान्डले भारतलाई पाँच रनले पराजित गऱ्यो।

- मौसम विभागले आगामी तीन दिनसम्म पञ्जाब, हरियाणा, उत्तराखण्ड र पश्चिमी उत्तर प्रदेशमा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ।

## प्रधानमन्त्री नरेन्द्र मोदी

प्रधानमन्त्री नरेन्द्र मोदी त्रिनिदाद र टोबैगोको दुई दिने सफल भ्रमण पछि अर्जेन्टिनाको राजधानी ब्यूनस आयर्स प्रस्थान गर्नुभएको छ। यो श्री मोदीको पाँच राष्ट्रको भ्रमणको तेस्रो चरण हो। प्रधानमन्त्रीको त्रिनिदाद र टोबैगो भ्रमणको क्रममा, दुई देशले आफ्नो ऐतिहासिक, सभ्यतागत र द्विपक्षीय सम्बन्धलाई बलियो बनाएको छ।हिजो साँझ प्रस्थान गर्नुअघि, प्रधानमन्त्री मोदीले पोर्ट अफ स्पेनमा त्रिनिदाद र टोबैगोको संसदको संयुक्त सत्रलाई ऐतिहासिक सम्बोधन गर्दै भारतको लागि, लोकतन्त्र केवल एक राजनीतिक प्रणाली मात्र होइन भनि बताउनुभयो। उहाँले यसलाई जीवनको एक तरिकाको रूपमा वर्णन गर्नुभयो। श्री मोदीले लोकतन्त्रलाई साझा मूल्यको रूपमा प्रशंसा गर्नुहुदै देशका भारतीय मूलका महिला नेताहरूको प्रशंसा गर्नुभयो। श्री मोदीले प्रतीकात्मकता र ऐतिहासिक सन्दर्भहरूले भरिपूर्ण त्रिनिदाद र टोबैगोको संसदको ऐतिहासिक सीट, प्रतिष्ठित रेड हाउसबाट सदनलाई सम्बोधन गर्नुभयो।प्रधानमन्त्रीले दुवै देशहरू औपनिवेशिक कालपछिको यात्रा र लोकतान्त्रिक आदर्शहरूप्रतिको प्रतिबद्धताले एकताबद्ध भएर बलियो स्तम्भ बनेको छ भनि बताउनुभयो। उहाँले आतंकवाद कुनै पनि शान्तिपूर्ण समाजको लागि गम्भीर खतरा रहेको कुरा पनि बताउनुभयो। श्री मोदीले विश्व समुदायलाई आतंकवाद विरुद्धको लडाईलाई बलियो बनाउन आह्वान गर्नुभयो।प्रधानमन्त्रीले विश्वव्यापी शासनमा सुधार आवश्यक रहेको र ग्लोबल साउथलाई यसको हक दिनुपर्ने बताउनुभयो। पछि, प्रधानमन्त्रीले त्रिनिदाद र टोबैगोकी प्रधानमन्त्री कमला प्रसाद-बिसेसरसँग प्रतिष्ठित रेड हाउसमा व्यापक वार्ता गर्नुभयो। वार्तापछि सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री मोदीले दुई देशले आर्थिक सम्बन्धलाई गहिरो बनाउन र विपद् व्यवस्थापन, जलवायु परिवर्तन, रक्षा, प्रविधि, स्वास्थ्य सेवा र कृषि अनुसन्धान जस्ता क्षेत्रमा सहयोग बढाउन सहमत भएका छन् भनि बताउनुभयो। दुवैले आतंकवाद विरुद्धको विश्वव्यापी लडाईलाई बलियो बनाउने प्रतिबद्धतालाई पनि पुन: पुष्टि गरे। श्री मोदीले भारत- कैरिकॉम सम्बन्ध र ग्लोबल साउथको आवाजलाई अगाडि बढाउने भारतको प्रतिबद्धतालाई दोहोऱ्याउनु भयो। वार्तापछि, दुई नेताहरूले पूर्वाधार र औषधि सहित धेरै क्षेत्रहरूमा सहयोग बढाउन छ वटा सम्झौतामा हस्ताक्षर गरे।प्रधानमन्त्री मोदीले पोर्ट अफ स्पेनमा राष्ट्रपति भवनमा त्रिनिदाद र टोबैगोका राष्ट्रपति क्रिस्टीन कार्ला कांगालोलाई पनि भेटे गर्नुभयो। श्री मोदीले विश्वव्यापी दक्षिण साझेदारीलाई सुदृढ पार्न क्यारिबियन राष्ट्र र CARICOM लाई भारतको निरन्तर समर्थन दोहोऱ्याए, MEA को विज्ञप्तिमा भनिएको छ।विदेश मन्त्रालयको विज्ञप्तिमा

भनिएको छ, श्री मोदीले विश्वव्यापी दक्षिण साझेदारीलाई सुदृढ पार्न क्यारिबियन राष्ट्रहरू र कैरीकॉमलाई भारतको निरन्तर सहयोग दोहोऱ्याउनुभयो।

**प्रधानमंत्री-अर्जेंटीना यात्रा**

घाना, त्रिनिदाद र टोबैगोको सफल भ्रमण पछि, प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो पाँच देशको भ्रमणको तेस्रो चरणमा आज अर्जेन्टिनाको राजधानी ब्यूनस आयर्स आइपुग्नेछन्। यस भ्रमणको उद्देश्य ग्लोबल साउथका देशहरूसँग भारतको सम्बन्धलाई सुदृढ पार्नु हो।

प्रधानमन्त्री मोदीले आज साँझ अर्जेन्टिनाका सम्मानित स्वतन्त्रता सेनानी तथा राष्ट्रिय नायक जनरल जोस डी सैन मार्टिनको प्रतिमामा श्रद्धाञ्जली अर्पण गरेर आफ्नो भ्रमण सुरु गर्नुहुनेछ। यसपछि श्री नरेन्द्र मोदीलाई औपचारिक स्वागत गरिनेछ। यसपछि प्रधानमन्त्रीले प्रतिनिधिमण्डल स्तरीय वार्ता गर्नुहुनेछ। यसपछि राष्ट्रपति जेभियर माइलीले उहाँको सम्मानमा दिवाभोज आयोजना गर्नुहुनेछ। प्रधानमन्त्रीले यहाँ रहेको प्रतिष्ठित क्लब बोका जुनियर्सको फुटबल स्टेडियमको पनि भ्रमण गर्ने कार्यक्रम छ।

यो भ्रमणले रणनीतिक साझेदारीलाई अझ सुदृढ पार्ने र सहयोगका नयाँ मार्गहरू खोल्ने अपेक्षा गरिएको छ। यसमा व्यापार र लगानी, स्वास्थ्य र औषधि, रक्षा र सुरक्षा, पूर्वाधार, खानी र खनिज स्रोतहरू, कृषि र खाद्य सुरक्षा, हरित ऊर्जा, आईसीटी र डिजिटल नवप्रवर्तन, विपद् व्यवस्थापन, विज्ञान र प्रविधि, शिक्षा र जनता-जनता सम्पर्क जस्ता प्रमुख क्षेत्रहरू समावेश छन्। प्रधानमन्त्री नरेन्द्र मोदी राष्ट्रपति जेभियर माइलीको निमन्त्रणामा अर्जेन्टिनाको भ्रमणमा हुनुहुन्छ। दुई नेताहरू बीचको अन्तिम भेट नोभेम्बर २०२४ मा ब्राजिलको रियो दि जेनेरियोमा G20 शिखर सम्मेलनमा भएको थियो। प्रधानमन्त्रीले G20 शिखर सम्मेलनमा भाग लिन २०१८ मा अर्जेन्टिनाको भ्रमण गर्नुभएको थियो, र यो विगत ५७ वर्षमा भारतीय प्रधानमन्त्रीको अर्जेन्टिनाको पहिलो द्विपक्षीय भ्रमण थियो - यो आफैमा एक ऐतिहासिक अवसर थियो।

पाँच देशको भ्रमणमा जानुअघि आफ्नो वक्तव्यमा प्रधानमन्त्री नरेन्द्र मोदीले अर्जेन्टिनालाई ल्याटिन अमेरिकाको प्रमुख आर्थिक साझेदार र G20 समूह भित्रको घनिष्ठ सहयोगीको रूपमा वर्णन गर्नुभएको थियो।

प्रधानमन्त्रीको भ्रमण विशेष गरी महत्त्वपूर्ण समयमा भएको छ, जब अर्जेन्टिना प्रमुख आर्थिक सुधारहरूबाट गुज्रिरहेको छ - धेरै तरिकाले भारतमा पहिले गरिएका आर्थिक सुधारहरूको सम्झना गराउँछ। भारत र अर्जेन्टिनाले दशकौंको सहकार्यले गहिरो बनाएका विविध क्षेत्रहरूसँग बलियो सम्बन्ध साझा गर्छन्। २०१९ मा, द्विपक्षीय सम्बन्धलाई रणनीतिक साझेदारीको स्तरमा बडाएको थियो र दुई देशले २०२४ मा कूटनीतिक सम्बन्धको ७५ वर्ष मनाएको थियो। दुई देशहरू बीच मानिसहरु बीच बलियो सम्बन्ध पनि छ, जसमा योग, आयुर्वेद र दर्शन जस्ता भारतीय परम्पराहरू अर्जेन्टिनामा लोकप्रिय छन्। रक्षा उत्पादन, अन्तरिक्ष, सूचना प्रविधि र डिजिटल सार्वजनिक पूर्वाधार (DPI) जस्ता क्षेत्रहरूमा भारतको प्रगतिले अर्जेन्टिनालाई बहुमूल्य अवसरहरू प्रदान गर्न सक्छ। यसबाहेक, टेलिमेडिसिन र डिजिटल स्वास्थ्य सेवा मार्फत समाधान प्रदान गर्ने भारतको विशेषज्ञताले अर्जेन्टिनालाई किफायती, गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बढाउन आशाजनक अवसर प्रदान गर्दछ। अर्जेन्टिनामा विश्वको दोस्रो ठूलो शेल ग्यास भण्डार र चौथो ठूलो शेल तेल भण्डार, साथै पर्याप्त परम्परागत तेल र ग्यास भण्डार छ। यसले भविष्यमा भारतको लागि सम्भावित रूपमा महत्त्वपूर्ण ऊर्जा साझेदार विकल्पको रूपमा यसलाई राख्छ। यसको अतिरिक्त, अर्जेन्टिनाको महत्वपूर्ण खनिजहरूको समृद्ध भण्डार - लिथियम, तामा र अन्य दुर्लभ खनिजहरू सहित - ले भारतको स्वच्छ ऊर्जा र औद्योगिक विकासलाई समर्थन गर्न सुरक्षित र दिगो आपूर्तिको बढ्दो आवश्यकता पूरा गर्न सक्छ। अर्जेन्टिनाले बोलिभिया र चिलीसँग मिलेर 'लिथियम त्रिकोण' बनाउँछ।

**प्रधानमंत्री-ब्रिक्स शिखर सम्मेलन**

प्रधानमन्त्री नरेन्द्र मोदी ब्राजिलको राजकीय भ्रमणमा ब्राजिलिया जानुहुदै छ । लगभग छ दशकमा भारतीय प्रधानमन्त्रीको यो पहिलो भ्रमण हुनेछ। श्री मोदीले जुलाई ६ र ७ मा रियो दि जेनेरियोमा हुने ब्रिक्स शिखर सम्मेलनमा भाग लिनुहुनेछ। शिखर सम्मेलन बाट अलग उहाँले ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भा र अन्य विश्वव्यापी नेताहरूसँग भेटघाट गर्नुहुनेछ। प्रधानमन्त्रीले एक व्यापार मञ्चका साथै व्यापार र उद्योगका प्रतिनिधिहरूलाई सम्बोधन गर्नुहुनेछ।

**विदेश मंत्रालय-ब्रीफिंग**

विदेश मन्त्रालयमा दक्षिण एसियाली मामिलाकी सचिव नीना मल्होत्राले भारत र त्रिनिदाद- टोबैगो बीचको सम्झौताले दुई देशबीचको सांस्कृतिक, खेलकुद र शैक्षिक साझेदारीलाई अझ बलियो बनाउने बताउनुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीको त्रिनिदाद र टोबैगोको सफल भ्रमणपछि पोर्ट अफ स्पेनमा मिडियालाई सम्बोधन गर्नुहुदै सुश्री मल्होत्राले भ्रमणको क्रममा दुवै पक्षले धेरै घोषणा गरेको बताउनुभयो। यसमा भारतीय आप्रवासीहरूको छैटौं पुस्ताका सदस्यहरूलाई ओसीआई सुविधा विस्तार गर्ने विषय पनि समावेश छ। त्रिनिदाद र टोबैगोमा भारतीय आप्रवासी जनसंख्या ४० देखि ४५ प्रतिशत छ।उहाँले भ्रमणको क्रममा त्रिनिदाद र टोबैगोले आपदा प्रतिरोधी पूर्वाधार गठबन्धन - सीडीआरआई र ग्लोबल बायोफ्युएल एलायन्समा सामेल हुने घोषणा गरेको बताउनुभयो।

**अमरीका-बाढ़**

अमेरिकाको टेक्सासमा आएको ठूलो बाढीमा १३ जनाको मृत्यु भएको छ। केर काउन्टीको क्याम्प मिस्टिकमा अझै पनि २० जना बालबालिकासहित धेरै जना बेपत्ता छन्। टेक्सासका उपराज्यपाल डेन पैट्रिकले पत्रकार सम्मेलनमा ४५ मिनेट भित्र ग्वाडालुप नदीको पानीको सतह अचानक २६ फिटमा पुगेको बताउनुभयो। यो भीषण बाढीका कारण सम्पत्तिमा क्षति पुगेको छ र धेरैले ज्यान गुमाएका छन्। हेलिकप्टरबाट उद्धार गरिएका ७५० भन्दा बढी मानिसहरूलाई बाढी राहत शिविरमा राखिएको छ। राज्यमा अचानक आएको बाढीका कारण हिल कन्ट्री र कोन्चो उपत्यका क्षेत्रमा आपदाको घोषणा गरिएको छ। बाढी प्रभावित क्षेत्रहरूमा राहत र उद्धार कार्य जारी छ। मध्य टेक्सास क्षेत्रमा धेरै मार्गहरूमा आवागमन अवरुद्ध छ, जसका कारण शिविरहरूमा बसोबास गर्ने बालबालिकाहरूलाई उनीहरूका अभिभावकहरूसँग पुनर्मिलन गर्न ढिलाइ भइरहेको छ।

**महिला क्रिकेट**

महिला क्रिकेटमा, हिजो राति लन्डनको ओभलमा भएको पाँच खेलको टी-२० शृङ्खलाको तेस्रो खेलमा आयोजक इङ्ल्यान्डले भारतलाई पाँच रनले पराजित गऱ्यो। इङ्ल्यान्डले दिएको १७२ रनको लक्ष्यको जवाफमा भारतीय टोलीले पाँच विकेट गुमाएर १६६ रन मात्र बनाउन सक्यो। भारतका लागि स्मृति मन्धानाले ५६ रन बनाइन् भने अरुन्धती रेड्डी र दीप्ती शर्माले तीन-तीन विकेट लिए। इङ्ल्यान्डकी सोफिया डङ्कली प्लेयर अफ द म्याच चुनिएकी थिइन्।

**मौसम**

मौसम विभागले आगामी तीन दिनसम्म पञ्जाब, हरियाणा, उत्तराखण्ड र पश्चिमी उत्तर प्रदेशमा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ। आकाशवाणी समाचारसँग कुरा गर्नुहुदै मौसम वैज्ञानिक आरके जेनामानीले आज देखि पश्चिमी हिमालयी क्षेत्र, हिमाचल प्रदेश र उत्तराखण्डमा मनसुनी वर्षा तीव्र हुनेछ। उहाँले हिमाचल प्रदेशमा भारी वर्षाको लागि रेड अलर्ट जारी गरिएको बताउनुभएको छ। उहाँले आजदेखि राष्ट्रिय राजधानी क्षेत्र दिल्लीमा पनि मनसुनी वर्षा तीव्र हुने सम्भावना रहेको बताउनुभएको छ।

**रैपिड चेस**

भारतका गुकेश डोम्मराजुले क्रोएसियाको जाग्रेबमा भएको सुपर यूनाइटेड रैपिड एंड ब्लिट्ज टूर्नामेंटमा रैपिड चेसको उपाधि जितेका छन्। यो प्रतियोगिता ग्रान्ड चेस टुर २०२५ को एक भाग हो। विश्व चेस च्याम्पियन गुकेशले अन्तिम चरणमा अमेरिकाका वेस्ली सो लाई पराजित गरे। १९ वर्षीय गुकेशले १८ मध्ये १४ अंक अर्जित गरेर ऱ्यापिड प्रारूपमा पहिलो स्थान हासिल गरे।

****** ० ******